# देवचुली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**नवलपरासी (बर्दघाट,सुस्ता पूर्व)**
**गण्डकी प्रदेश,नेपाल**

## स्टेशनरी तथा अन्य आवश्यक सामान आपुर्ति गर्ने सम्बन्धि विधुतीय सिलबन्दी दरभाउपत्र आव्हानको सूचना
**प्रथम पटक प्रकाशित मिति : २०८०/०४/१५**

यस कार्यालय लाइ आ.व २०८०।८१ का लागि आबश्यक पर्ने  स्टेशनरि तथा अन्य सामान खरिद गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि ईजाजत प्राप्त ईच्छुक कम्पनी,बिक्रेता तथा सप्लायर्सहरुबाट यो सूचना प्रकाशित मितिले१५ औ दिन (मिति २०८०/०४/२९) सम्म विधुतीय शिलबन्दी दरभाउ पत्र फारम खरिद गरी सोह्रौ दिन (मिति २०८०/०४/३० गते) को १२ बजेभित्र  PPMO को वेबसाइटwww.bolpatra.gov.np/egp. बाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१.विधुतीय शिलबन्दी दरभाउ पत्रखरिद गर्न आधिकारिक निवेदनका साथ निम्न कागजातहरु अनिबार्यरुपले समाबेश गरि PPMO को वेबसाइट www.bolpatra.gov.np/egp. मा अपलोड गर्नुपर्ने छ (क) फर्म, सस्था,वा कम्पनिपत्रको प्रतिलिपि (ख) मु.अ.कर मा दर्ता भएको प्रमाण-पत्रको  प्रतिलिपि (ग) आ.ब. २०७९/८० सम्म कर चुक्ता भएको प्रमांण पत्रको प्रतिलिपि (घ) फर्म वा ब्यबसाय दर्ता प्रमाण-पत्रको प्रतिलिपि (ङ) स्व घोषणा पत्र (छ) यस कार्यालयको राजश्व खाता नं. ०७७२०५००२९१६५००२ मा रु १०००/- तिरेको (फिर्ता नहुने गरि) बैंक भौचर स्क्यान गरि वेबसाइटमा अपलोड गर्नुपर्नेछ ।

२.रितपुर्बक खरिद भएका विधुतीय शिलबन्दी दरभाउ पत्र यो सूचना प्रकाशित भएको मितिले १६ औ दिन मिति (मिति २०८०/०४/३०) १२ बजे सम्म दर्ता गरी सक्नुपर्नेछ, सो शिलबन्दी बोलपत्र मिति २०८०/०४/३० गते दिनको १.०० बजे यस कार्यालयमा खोलिने छ, शिलबन्दीदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि  दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. रित नपुगेको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

४. विधुतीय शिलबन्दी दरभाउ पत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्बजनिक बिदा परेमा सो लगतै कार्यालय खुलेको दिन उक्त कार्य सोहि समयमा हुनेछ ।

५. विधुतीय शिलबन्दी दरभाउ पत्र दाताले देबचुली नगरपालिकाको कार्यालयको NIC ASIA BANK दलदलेमा रहेको धरौटी खाता नं. ०७७२०५००२९१६५००७ मा धरौटी रकम रु ३४०००/-। (चौतिस हजार मात्र ) जम्मा गरेको सक्कल भौचर वा सो बराबरको मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा ७५ दिन म्याद भएको बोलपत्र जमानत (बिडवण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ ।

६.विधुतीय शिलबन्दी दरभाउ पत्र पेश गर्दा रकम अंक र अक्षर दुबैमा अनिबार्य उल्लेख गर्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा दररेट महलको  अक्षरलाई मान्यता दिइनेछ !

७. पेश भएका विधुतिय शिलबन्दी दरभाउ पत्र आंशिक,आइटमवाईज वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. विधुतीय शिलबन्दी दरभाउ पत्र स्वीकृत भएपछि सम्झौता गर्न आउदा कबोल अंकको ५% ले हुन आउने रकम यस कार्यालय देबचुली नगरपालिकाको NIC ASIA BANK दलदलेमा रहेको धरौटी खाता नं. ०७७२०५००२९१६५००७ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको ठेक्का सर्त रहेको कुनै मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कार्य सम्पादन जमानत (पर्फर्मेन्स ग्यारेन्टी) पेश गर्नुपर्ने छ ।

९. विधुतीय शिलबन्दी दरभाउ पत्रमा उल्लेखित सामानहरुको परिमाण कार्यालयले आबश्यकतानुसार थपघट गर्न सक्नेछ,थपघट भएता पनि विधुतीय शिलबन्दी दरभाउ पत्र दाताले कबोल गरेको दररेटमा परिबर्तन गर्न पाउने छैन साथै सोहि दरमा उपलब्ध गराउनु पर्नेछ र कार्यालयको आवश्यकता अनुसार मालसामान आपुर्ति गर्नुपर्नेछ।

१०.विधुतीय शिलबन्दी दरभाउ पत्रसाथ पेश गर्ने कागजातको प्रतिलिपिहरू प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनुपर्नेछ ।

११.  यस सुचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्बजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ

१२. अन्य आबश्यक कुरा बुझ्नुपरेमा कार्यालय समय भित्र यस कार्यालयको फोन नं ०७८-५७५३९६ मा सम्पर्क राख्न वा यस कार्यालयको वेभसाइट www.devchulimun.gov.np मा पनि हेर्न सकिनेछ ।

तपसिल :

| ठेक्का नं | विवरण | लागत अनुमान रकम(भ्याट बाहेक) | धरौटी रकम |
|---|---|---|---|
| DEV/SQ/GOODS/02/2080/81 | देवचुली नगर अस्पताल आ.व २०८०/८१ का लागि आवश्यक स्टेशनरि तथा अन्य आवश्यक सामान आपुर्ति | रु ११९८८००/- | ३४०००/- |

प्रमुख प्रशासकीय अधिकृत